महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

दूधपोखरी गाउँपालिका

लमजुङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

दूधपोखरी गाउँपालिका

लमजुङ



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

दूधपोखरी गाउँपालिका

लमजुङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. ६४

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
दुधपोखरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
लमजुङ ।

कैफियत सहितको राय

हामीले दुधपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१ करोड ८१ लाख ५४ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू. ३० लाख ७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३७ लाख १७ हजार, नियमित गर्नुपर्ने रु १ करोड १४ लाख ३० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २ करोड ५० लाख ४४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ४ करोड ३१ लाख ९८ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगाती		सैद्धान्तिक	लगाती		सैद्धान्तिक	लगाती								
३२	३१	१८१५४	०	०	०	३२	३१	१८१५४	३००७	११४३०	३७१७	०	०	१५१४७	०

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

पालिकाको नाम	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
दुधपोखरी गाउँपालिका	२५०४४	०	०	२५०४४	०	१८१५४	४३१९८

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : दूधपोखरी गाउँपालिका, लमजुङ , दूधपोखरी गाउँपालिका , लमजुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राम बहादुर अधिकारी	२०७८-७-८	हाल सम्म कार्यरत
लेखा प्रमुख	शिव पौडेल	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	१८,१५४,४३८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६,१३,९३,०८३.३५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	१९,१७,७५,२९८	**चालु खर्च**	१७,००,२५,६४०
प्रदेश सरकारबाट अनुदान	२,६१,५९,९६७.५९	**पूँजीगत खर्च**	१०,७२,३७,०१९
राजश्व बाँडफाँट	६,१८,५३,८८४.८५	**वित्तीय/अन्य व्यवस्था**	११,८०,४०,३८७
आन्तरिक आय	३०,६४,६०७		
अन्य आय	१०,१६,७०,५५१		
कुल आय	३८,४५,२४,३०८.४४	**कुल खर्च**	३९,५३,०३,०४६
बाँकी मौज्दात		५,०१,४४,४१८.५९	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना, २०७८ बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ।	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। पालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य तथा १० हजार ९७५ जनसंख्या रहेका छन्। यसको क्षेत्रफल १५५.३३ वर्ग किलोमिटर रहेको छ।	
३			**लेखापरीक्षणको क्रममा असुली** लेखापरीक्षणको क्रममा संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रकम रु ३००००० फिर्ता गरेको प्रमाण पेश भएको छ ।	
४			**संचित कोषको प्राप्ति र भुक्तानी** दुधपोखरी गाउँपालिकाको म ले प फा नं २७२ अनुसार संचित कोषको प्राप्ति र भुक्तानी देहायबमोजिम रहेको छ ।	

प्राप्ती भुक्तानी हिसाव

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत /सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत /सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		२९,८६,६०,४०२.००	२६,५२,६३,६०२.३९		२६,५२,६३,६०२.३९	२,१६,३२,६०६.९३		२,१६,३२,६०६.९३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			क. प्राप्ति (संचितकोष मा आम्दानी बाँधिने)		२९,६९,१०,४०२.००	२६,२३,९३,०७१.३९	०	२६,२३,९३,०७१.३९	१,९०,१५,१३६.९३	०	१,९०,१५,१३६.९३	
			११००० कर	११	६,०१,२२,०००.००	५,२८,८७,५९७.२५	०	५,२८,८७,५९७.२५	४,७१,४९,७३६.०२	०	४,७१,४९,७३६.०२	
			१३००० अनुदान		२३,४४,८८,४०२.००	२०,६७,३८,२९८.००	०	२०,६७,३८,२९८.००	(२,९८,४४,०७१.००)	०	(२,९८,४४,०७१.००)	
			संघीय सरकार	१२	२१,७३,२६,४०२.००	१९,२१,३६,२९८.००	०	१९,२१,३६,२९८.००	(२,९६,८९,८३२.००)	०	(२,९६,८९,८३२.००)	
			प्रदेश सरकार	१२	१,७१,६२,०००.००	१,४६,०२,०००.००	०	१,४६,०२,०००.००	(१,५४,२३९.००)	०	(१,५४,२३९.००)	
			१४००० अन्य राजस्व		२३,००,०००.००	२७,६७,१७६.१४	०	२७,६७,१७६.१४	१७,०९,४७१.९१	०	१७,०९,४७१.९१	
			३३००० दायित्व		०	०	०	०	०	०	०	
			ख. अन्य प्राप्ति		१७,५०,०००.००	२८,७०,५३१.००		२८,७०,५३१.००	२६,१७,४७०.००		२६,१७,४७०.००	
			वितरण गर्न बाकी राजस्व		०	०	०	०	१,४८,५०३.००	०	१,४८,५०३.००	
			कोषहरु		१७,५०,०००.००	०	०	०	२४,१३,९६७.००	०	२४,१३,९६७.००	
			धरौटी		०	२८,७०,५३१.००	०	२८,७०,५३१.००	५५,०००.००	०	५५,०००.००	
			संघीय, प्रदेश सरकार वा		०	०	०	०	०	०	०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			अन्य कार्यक्रम									
			भुक्तानी (ग+घ)		३५,६८,४९,६७९.८५	२७,७३,७४,१८४.००		२७,७३,७४,१८४.००	२५,९९,८९,४१७.३८		२५,९९,८९,४१७.३८	
			ग. भुक्तानी (सञ्चित कोषबाट)		३५,५०,९९,६७९.८५	२७,६९,०४,२५७.००		२७,६९,०४,२५७.००	२५,५९,८५,३२४.३८		२५,५९,८५,३२४.३८	
			२१००० पारिश्रमिक / सुविधा	१८	१२,८१,८१,०००.००	११,४०,०७,६६१.००	०	११,४०,०७,६६१.००	१०,६६,७२,२७७.००	०	१०,६६,७२,२७७.००	
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	६,६४,०७,४०२.००	३,९३,३५,७७०.००	०	३,९३,३५,७७०.००	३,६६,३५,१३७.००	०	३,६६,३५,१३७.००	
			२५००० सहायता (Subsidy)	१८	४,००,०००.००	३,५३,४७५.००	०	३,५३,४७५.००	३,६७,४०५.००	०	३,६७,४०५.००	
			२६००० अनुदान	१८	१,३९,३८,०००.००	१,११,४१,३२०.००	०	१,११,४१,३२०.००	१,०३,९१,६६६.००	०	१,०३,९१,६६६.००	
			२७००० सामाजिक सुरक्षा	१८	६३,८४,०००.००	२१,६३,९३०.००	०	२१,६३,९३०.००	३६,७२,३७०.००	०	३६,७२,३७०.००	
			२८००० अन्य खर्च	१८	४१,४४,८८२.००	२६,६५,०८२.००	०	२६,६५,०८२.००	५३,६६,९५१.३८	०	५३,६६,९५१.३८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१३,५६,४४,३९५.८५	१०,७२,३७,०१९.००	०	१०,७२,३७,०१९.००	९,२८,७९,५१८.००	०	९,२८,७९,५१८.००	
			घ. अन्य भूक्तानी		१७,५०,०००.००	४,६९,९२७.००		४,६९,९२७.००	२५,९९,६६,४१७.३८		२५,९९,६६,४१७.३८	
			कोषहरु		१७,५०,०००.००	१,९०,७७६.००	०	१,९०,७७६.००	३१,८९,६६३.००	०	३१,८९,६६३.००	
			धरौटी		०	२,७९,१५१.००	०	२,७९,१५१.००	७,९१,४३०.००	०	७,९१,४३०.००	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०	
			ङ. यो वर्षको बचत (न्युन)		(५,८१,८९,२७७.८५)	(१,२१,१०,५८१.६१)		(१,२१,१०,५८१.६१)	(२३,८३,५६,८१०.४५)		(२३,८३,५६,८१०.४५)	
			च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			६,१९,७३,७२७.८५		६,१९,७३,७२७.८५	५,४२,७४,२८८.३०		५,४२,७४,२८८.३०	
			वर्षान्तको बाकी रकम (ङ + च)		(५,८१,८९,२७७.८५)	४,९८,६३,१४६.२४		४,९८,६३,१४६.२४	(१८,४०,८२,५२२.१५)		(१८,४०,८२,५२२.१५)	
			बैंक तथा नगद बाकी	२४		४,९५,०४,७४४.२४		४,९५,०४,७४४.२४	५,०६,११,२०९.३५		५,०६,११,२०९.३५	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अन्तरसरकारी वित्तीय हस्तान्त्रण तर्फः
<table>
<tr><td>विवरण</td><td>रकम</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>सामाजिक सुरक्षा</td><td>७३६३८४५४</td><td>सामाजिक सुरक्षा</td><td>७३६३८४५४</td></tr>
<tr><td>एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम</td><td>२५११५१२६</td><td>एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम</td><td>२५११५१२६</td></tr>
<tr><td>जम्मा</td><td>९८७५३५८०</td><td>जम्मा</td><td>९८७५३५८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।
•पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।
•पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
•राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन।
•अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।
•स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
•स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।
•दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।
•पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			•वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन। •पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएकजिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो। •जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । •सहायक जिन्सी खातामा कर्मचारी तथा पदाधिकारीले प्रयोग गरेको सवारी तथा अन्य जिन्सी सामाग्रीहरुको सम्बन्धित व्यक्तिले बुझिलिएको दस्तखत गरेको र अवकाश वा सरुवा भएका कर्मचारीले फिर्ता गरेका मालसमान हाल कुन अवस्थामा भएको वा अन्य कुनै कर्मचारीलाई पुनः प्रयोगका लागि बुझाएको भन्ने रेकर्ड व्यवस्थित रुपमा राखेको पाइएन । •कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । •सार्वजनिक खरिद नियमावली, २०६४को नि ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। •सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको, •स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको, •सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची २ को ढाँचा बमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको •सामाजिक सुरक्षा वितरण भत्ता कार्यविधि, २०७७ को परिच्छेद ७ को दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			•सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको। •सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको। •सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको। •विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको, •वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको, •सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,	
६			**वित्तीय विवरण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् : •सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को संचितकोषको प्राप्ती तर्फ रु.२६२३९३०७१।३९ देखिएकोमा कार्यालयबाट प्रमाणित आर्थिक विवरण अनुसार संघ तथा प्रदेश अनुदान रु.२१७९३५२६५।६०, बाँडफाँडबाट प्राप्त रकम रु.६१८५३८८४।८५ र आन्तरिक आम्दानी रु.३०६४६०७ समेत रु.२८२८५३७५७।४५ हुने देखिन्छ । जसमा रु २०४६०६८६।०६ सुत्रले कम देखाएको छ । जुन रकम पालिकाले निकासा रु.२०४६९६१२ फिर्ता पठाएको रकम घटाएर सुत्रमा आम्दानी देखाएको छ ।भने बाँकी रकम रु.८९२४।९४ को हिसाब एकीन गर्न नसकिएकाले पालिकाले सो सम्बन्धमा रकम एकीन गरी सुत्रमा हिसाव मिलान गरेको प्रमाण पेश गर्नुपर्दछ । अन्य प्राप्तिमा म.ले.प.फा.२७२ अनुसार रु २८७०५३१ भएकोमा पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरण अनुसार रु.२९१६९७१ धरौटी रहेको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			छ । पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरण भन्दा रु.४६४४० सुत्रमा कम आम्दानी देखाएको छ । पालिकाले हिसाब एकीन गरी यथार्थ हिसाब मिलान गर्नुपर्ने रु. •यस स्थानीय तहले NPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन (म=ले=प=फा= नं= २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको एंव सुत्रमा विषयगत शिर्षकहरुको निकासा तथा खर्च रु.९ करोड ८७ लाख ५३ हजार ५८० समेटन नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ। स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था भए बमोजिम पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार सबै खाताहरुको रकम २०७८ श्रावणमा मात्रै खर्च खाताबाट फिर्ता गरी संचित कोषमा आम्दानी बाँधिएको छ।	४६,४४०
७			**गत वर्षको जिम्मेवारी** पालिकाले म.ले.प प्रतिवेदन अनुसार संचित कोष तथा अन्य विभिन्न कोष समेत गरी रु.४९०४४५९६ यस आर्थिक वर्षमा जिम्मेवारी सार्नुपर्नेमा रु.६१३९३०८३.३५ एकीकृत आर्थिक विवरणमा जिम्मेवारी सारेको देखाएको छ । जुन पालिकाले गत आर्थिक वर्षमा म ले प प्रतिवेदनमा धरौटी र प्रकोष कोषको मौज्दात कम देखिएकाले धरौटी तथा प्रकोप कोष वास्तविक जिम्मेवारी सारेको जनाएको छ । तर म.ले.प.फा.२७२ प्रतिवेदन अनुसार रु.६१९७३७२७.८५ अल्या गरेको देखाएको छ । जस अनुसार रु.५८०६४४ बैंक खातामा कम जिम्मेवारी सारेको देखिन्छ। वास्तविक बैंक मौज्दात रकम अल्या गरेको प्रमाण पेश गर्नुपर्ने रु	५८०,६४४
८			**बैंक मौज्दात** पालिकाको प्रमाणित एकिकृत आर्थिक विवरण र बैंकमा संचित कोषमा रु.४४८१४४१८।०९, धरौटीमा रु ३७९४४७२ र प्रकोप कोषमा रु १५३५५२८.५६ गरी कुल बैंक मौज्दात रु.५०१४४१८.५९ देखाएकोमा सुत्रको म.ले.प.फा.न २७२ मा रु.४९५४७४४.२४ देखाएको छ । जस अनुसार सुत्रमाम रु ५९६५४.३५ कम मौज्दात बाँकी रहेको छ ।सुत्रमा बैंक मौज्दातको हिसाब मिलान गर्नुपर्छ । पालिकाले वास्तविक बैंक मौज्दात एकीन गरी आगामी आर्थिक वर्ष जिम्मेवारी सार्नुपर्ने देखिन्छ ।	
९			**खर्च विश्लेषण**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु. ३०६४६०७ राजस्व बाँडफाँड रु.६१८५३८८४।८५ र अनुदानबाट रु. २१७९३५२६५।६० समेत रु. २८२८५३७५७।४५ आम्दानी भएकोमा चालुतर्फ रु.१७००२५६४० र पूँजीगततर्फ रु.१०७२३७०१९ समेत रु.२७७२६२६५९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १।१० प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.७२३०५९८ खर्च भएको छ जुन आन्तरिक आयको २३५।९४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.११ प्रतिशत चालु र ३९.८९ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।	
१०			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा २०७८।०३।१० गते रु ३५ करोड ५७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।१० मा पारित भएको छ।यसैगरी स्थानीय तह प्रमुखले २०७८।५।२७ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।	
११			**आन्तरिक लेखापरीक्षण नभएको** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७७ को उपदफा २ बमोजिम स्थानीय तहले कानून बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक लेखपारीक्षकको पद रिक्त भएको कारणले आन्तरिक लेखापरीक्षण हुन नसकेको जनाएको छ । जसको कारणले गर्दा पालिकाको आन्तरिक आय, राजस्व बाँडफाड, संघ प्रदेशको अनुदान लगायत विभिन्न कोषहरुको समेत गरी कुल लेखापरीक्षण अंक रु.५८ करोड २७ लाख ९० हजारको आन्तरिक लेखापरीक्षण भएको छैन ।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर बनेको देखिन्छ । पालिकाले आन्तरिक लेखापरीक्षकको दरबन्दी माग गरी एवं रिक्त पदपुर्ति गरि आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ ।	
१२			**क्षेत्रगत बजेट र खर्च**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	१,४५,१३,०००	८८,९२,२५७	३.२१
सामाजिक क्षेत्र	१३,६३,४४,०००	११,७७,०७,४०७	४२.४५
पूर्वाधार विकास क्षेत्र	१०,३७,४४,३९५.८५	७,९२,०४,१८१	२८.५७
वित्तीय व्यवस्थापन र सुशासन	२१,८४,०००	१६,५९,५४०	०.६०
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	९,८३,१४,२८४	६,९७,९९,२७४	२५.१७
जम्मा	३५,५०,९९,६७९.८५	२७,७२,६२,६५९	**१००**

१३

चौमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कूल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
	विभिन्न	१०७२३७	०	३०७९१	७६४४६	३३९९८
	खर्च प्रतिशत	१००	**०**	**२८.७१**	**७१.२९**	**३१.७०**

उपरोक्त विवरण अनुसार बिभिन्न व.उ.शी.नं. मा यस वर्ष रु.१० करोड ७२ लाख ३७ हजार खर्च भएको मध्ये प्रथम चौमासिकमा शुन्य प्रतिशत, तेस्रो चौमासिकमा मात्र 71.29 प्रतिशत र आषाढमा ३१.७० प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर गर्ने स्थिति रहन्छ । तसर्थ आर्थिक वर्षको अन्ततिर मात्र अत्यधिक खर्च गर्ने प्रबृत्तिमा नियन्त्रण तथा सुधार हुनुपर्दछ ।	
१४			**तलबी प्रतिवेदन** निजामति सेवा ऐन, २०४९ को दफा ७ (ख) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० को मिति २०७६।५।१८ को पत्र अनुसार नेपाल सरकार माननिय मन्त्रि स्तरको निर्णय बमोजिम स्थानीय तहका कर्मचरी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने निर्देशन भएको र कार्यालयले तलवी प्रतिवेदन पास गर्नका लागि कोलेनिकामा पेश गरेको देखिएन । यस वर्ष पालिकाले तलबी प्रतिवेदन पास नगरी वर्षभरीमा गाउँपालिकातर्फ रु.६७ लाख ८८ हजार खर्च र स्वास्थ्य शशर्तको ८२ लाख ६१ हजार लाख खर्च र शिक्षा तर्फ शिक्षा किताबखानाबाट तलबी प्रतिवेदन पास नगरी रु ६ करोड ४४ लाख ४१ हजार खर्च गरेको देखियो। जिम्मेवार निकायले तलबी प्रतिवेदन पास गर्नेतर्फ ध्यान दिनुपर्छ ।	
१५			**सेवा प्रवाह** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष नागरिकता सिफारिस ८१५, घरबाटो सिफारिस ६९८,घर जग्गा सिफारिस ८५०, विवाह २११, सम्बन्ध विच्छेद ९, जन्म तथा मृत्यु दर्ता १३७४, वसाईसराई १६६ दर्ता गरेको पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाइएन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।	
१६			**कानून र सञ्चालन स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३ वटा ऐन, ३ वटा नियमावली, ६ कार्यविधि लगायत १६ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले १६ वटा कानूनहरु निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
१७			**न्यायिक समिति**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ रहेकोमा यो बर्ष ६ मुद्दा दर्ता भएकोमा ७ फछ्र्यौट भई बाँकी १ भएको पालिकाबाट प्राप्त विवरणमा उल्लेख भएको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी प्रभावकारी ढंगबाट न्याय सम्पादन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।	
१८			**योजना र कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्:	

सि न	विवरण	योजना संख्या	खर्च रकम
१	१ लाख भन्दा कमको योजना	५९	५५४४०००
२	१ लाख देखि पाँच लाख सम्मका योजना	१४७	३९६०००००
३	५ लाख देखि १० लाख सम्मका योजना	१६	११४२००००
४	१० लाख एक देखि ५० लाख सम्मा योजना	५	१४७८००००
५	५० लाख भन्दा माथिका योजनाहरु	१	१७८०००००
	जम्मा	२३१	८९१४४०००

१९			**सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (PAMS) प्रयोगमा नआएको**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पालिकाले यस वर्ष सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागू गरेको छैन । PAMS लागू नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।	
२०			**अनुत्पादक तथा वितरणमुखी खर्च** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका कुनै व्यक्ति तथा समुदाय विशेषका लागि अनुत्पादक तथा वितरणमुखी प्रयोजनमा रु ६००००० खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	

भौचर नं	भुक्तानी पाउने व्यक्ति तथा संस्थाको नाम	प्रयोजन	रकम
१७०।०७९।३।२१	बाबुराम परियार	पञ्चेवाजा खरिद	५००००
११७।०७८।१२।२४	भुम्लिचोक होमस्टे	फर्निचर खरिद	३०००००
१६९।०७९।३।२१	दोर्दी दुधपोखरी पर्यटन विकास तथा संरक्षण समिति	होमस्टे तालिम	१०००००
९८।०७८।११।५	त्रिवेणी युवा क्लब	खेलकुद कार्यक्रम संचालन	१०००००
८०।०७८।१०।२६	जुना विश्वकर्मा	पुतली आरन खरिद	५००००

२१			**भवन नक्सा पास** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम पालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । पालिकामा यस वर्ष घर नक्सा पासको लागि ३४ वटा घरहरु दर्ता भएको देखिन्छ । भने दर्ता भएका मध्ये १७ घरहरुलाई निर्माण सम्पन्न प्रमाणपत्र दिइएको छ । भने ४० वटा पुरानो घर अभिलेखिकरण गरिएको छ । पालिकाले क्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी पालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ ।	
२२			**अनुगमन तथा भ्रमण खर्च**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय बनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.२३ लाख २२ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। यसमा सुधार गर्नुपर्ने देखिन्छ।	
२३			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ११ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार १९ पदहरु रिक्त रहेका छन् । पालिकाको ओ एण्ड एम नहुँदा र कर्मचारी व्यवस्थापन नहुँदा केहि पदहरु रिक्त भई कार्यसम्पादनमा ढिलाई हुने र केही पदमा स्वीकृत दरबन्दी भन्दा बढी कार्यरत हुँदा कार्य अभाव हुने अवस्था सिर्जना भएको अवस्था छ । तसर्थ पालिकाको ओ एण्ड एम गरी रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गर्ने र दरबन्दी भन्दा बढी भएको कर्मचारीलाई अन्यत्र पालिकामा मिलान गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
२४			**दरबन्दि बाहिरको करार सेवा** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा २८ जना कर्मचारीहरु पालिकामा करारमा राखी रु.८३८९१७९ खर्च लेखेको छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले देहायबमोजिम कर्मचारीहरु दरबन्दी बाहिर राखि १५४१९३० खर्च गरेको देखिएकाले नियम सम्बत नदेखिएको रु. कर्मचारीको नाम | पद | तलब स्केल | चार्डपर्व समेत बार्षिक रकम शंकर गुरुङ | कम्प्युटर अपरेटर | २८६१० | ३७१९३०	१५४१९३०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

कुमारी गुरुङ	स क अ	१५०००	१९५०००
तिर्थ गुरुङ	स क अ	१५०००	१९५०००
विनिता गुरुङ	स क अ	१५०००	१९५०००
हित कुमारी गुरुङ	स क अ	१५०००	१९५०००
सपना तामाङ	स क अ	१५०००	१९५०००
कुल बहादुर तामाङ	स क अ	१५०००	१९५०००
जम्मा			१५४१९३०

२५

खाना तथा विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्था समेतमा विविधतर्फ मात्र रु. १९ लाख १६ हजार खर्च गरेको छ । पालिकाले बैठक तथा अन्य क्रियाकलाप सँचालनार्थ बिबिध खर्च लेख्दा उपस्थिति सँख्या, कार्यक्रमको पुष्ट्याई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम सँचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्दछ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

२६

आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस सामाजिक सुरक्षा र उद्दार राहत तथा पुनस्थापना खर्च भनी रु. २३ लाख वितरण गरेका छ। । केही गोश्वारा भौचरको नमूना छनौट गर्दा कार्यालयले विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक सहायता वितरण गरेको छ । कार्यालयले आर्थिक सहायता वितरणको मापदण्ड र कार्यविधि तर्जूमा नगरी वितरण कार्य गरेकोले यस्ता प्रकारका खर्चहरु नियन्त्रण हुनुपर्दछ । केही उदाहरणहरुः

सि नं	सहायता प्राप्त गर्ने व्यक्ति संस्था	सहायता रकम

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१	फुलमाया कामी	५०००
२	सुक माया गुरुङ	१००००
३	नन्दलाल गुरुङ	१००००
४	झ्याप्ली गुरुङ	१००००
५	हस्तराम गुरुङ	२००००
६	हित कुमारी गुरुङ	१००००
७	लमजुङे युवा साहित्य समाज	१५०००
८	शशस्त्र प्रहरी बल लमजुङ	२००००
९	कोल्की एकता युवा क्लब	३००००
१०	जिल्ला प्रहरी कार्यालय लमजुङ	२५०००
११	नेल्टा लमजुङ	१००००

२७			**नाफामूलक संस्थालाई अनुदान** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । तर पालिकाले गोभौ १८४ मिति २०७९।०२।२५ बाट दुधपोखरी बचत तथा ऋण सहकारी संस्था लि लाई भवन मर्मतको लागि रु.१८८१८५ र भौचर नं २४६।०७९।३।१९ बाट श्री इलमपोखरी विद्युत सहकारी संस्था लिमिटेडलाई रु १२०१९५ विद्युत ट्रान्सफर्मर मर्मतको लागि रकम उपलब्ध गराएको छ । साथै उक्त संस्थाबाट सार्बजनिक हित तथा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित गरेको समेत देखिएन् । तसर्थ नाफामुलक संस्थालाई कानुनमा व्यवस्था नभएको संस्थालाई अनुदान दिन नमिल्ने देखिएकोले असुल गर्नुपर्ने रु	३०८,३८०
२८			**जनप्रतिनिधिको सामान बरबुझारथ**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्याबिधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ को दफा ४४ बमोजिम आफ्नो जिम्मेवारीबाट अलग हुदा आफ्नो जिम्मामा रहेको नगद तथा जिन्सी मालसामान बरबुझारथ गर्नुपर्ने व्यवस्था छ ।वडा नं १ र २ अध्यक्षले देहायबमोजिमका सामाग्रीहरु पालिकामा फिर्ता नगरेकाले निजबाट सामाग्री फिर्ता गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><th>सि नं</th><th>जिन्सी सामाग्री प्रयोग गर्ने</th><th>जिन्सी सामाग्रीको नाम</th><th>परिमाण</th><th>मूल्य</th></tr>
<tr><td>१</td><td>वडा नं १ अध्यक्ष, मानसिंह गुरुङ</td><td>मोबाइल सेट</td><td>१</td><td>२१५४४</td></tr>
<tr><td></td><td></td><td>ल्यापटप</td><td>१</td><td>७५०००</td></tr>
<tr><td>२</td><td>वडा नं २ अध्यक्ष, गोविन्द दवाडी</td><td>मोबाइल सेट</td><td>१</td><td>२१५४४</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>११८०८८</td></tr>
</table></td><td>११८,०८८</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>जिन्सी निरिक्षक प्रतिवेदनमा जिन्सी सामाग्री नदेखिएको
पालिकाले यस वर्ष जिन्सी निरिक्षण प्रतिवेदन स्थलगत रुपमा निरिक्षण नगरि मूल जिन्सी किताबको आधारमा तयार गरेको देखिन्छ । पालिकाबाट यस वर्ष खरिद भएका देहायबमोजिमका सामाग्रीहरु मूल जिन्सी खातामा ढिलो दाखिला भएको, मूल जिन्सी खातामा दाखिला नै नभएको यस वर्षको जिन्सी निरिक्षण प्रतिवेदनमा उक्त सामाग्रीहरु उल्लेख भएका छैनन । पालिकाले स्थलगत रुपमा सामाग्रीहरुको निरिक्षण गर्नुका साथै देहायबमोजिमका सामाग्रीहरु समावेश गरी जिन्सी निरिक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर नं</th><th>खरिद सामाग्री</th><th>परिमाण</th><th>भ्याट समेतको मूल्य</th></tr>
<tr><td>२१२।०७९।३।१०</td><td>Dell core i5/10th generation computer</td><td>१ थान</td><td>८४०००</td></tr>
<tr><td></td><td>HP Laptop</td><td>१ थान</td><td>१०५०००</td></tr>
<tr><td></td><td>2500 VA MPPT Hybrid Inverter</td><td>१ थान</td><td>४६०००</td></tr>
<tr><td>९।०७८।११।२६</td><td>Dell Vostro 3510 Laptop (8 GB Ram/256 SSD)</td><td>१ थान</td><td>७५०००</td></tr>
<tr><td>६।०७८।९।२८</td><td>Dell Laptop 3401 I3</td><td>५ थान</td><td>३९७१९५</td></tr>
<tr><td>८।०७८।१०।२४</td><td>Dell I7 Laptop</td><td>१ थान</td><td>१२६५६०</td></tr>
</table></td><td>८६५,३९५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	Laser Printer	१ थान	२४८६०
	ITB external hard disk	१ थान	६७८०
जम्मा			८६५३९५

३०

आमा समूहको भवन निर्माणमा खर्च

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका आमा समुहका भवन निर्माण जस्ता अनुत्पादक प्रयोजनमा रु.१ करोड ३५ लाख ९३ हजार खर्च गरेको देखिन्छ । जुन पालिका समानिकरण पुँजिगत खर्चको १५ प्रतिशत बजेट आमा समूहको भवन निर्माणमा खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सि.नं.	भुक्तानी पाउने संस्थाको नाम	रकम
१	पात्ले आमा समूह भवन प्लाष्टर र शौचालय निर्माण	२८४७६४
२	ठुलीबारी आमा समूह भवन मर्मत	१९२०००
३	कल्लाबारी चिहान डाँडा धर्मशाला निर्माण	१४४०००
४	कल्लाबारी आमा समूह भवन मर्मत	१८९११२
५	डाँडागाउँ आमा समुह भवन मर्मत	१८९४११
६	मरहठ्ठा गाउँ आमा समूह भवन शौचालय निर्माण	१४१६५४
७	तल्लाथोक आमा समूह भवन मर्मत	८५५६०
८	राटामाटा न्यौपाने गाउँ शौचालय निर्माण	१४१६०३
९	जलकिनि आमा समुह भवन मर्मत	१९२०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
			१०	महाबज्यु आमा समुह भवन मर्मत	१९२०००	
			११	मरहठ्ठा कुलयन मन्दिर निर्माण	९६०००	
			१२	गौरी गाउँ मन्दिर ट्रस निर्माण	१४३११०	
			१३	भुम्लिचोक ट्रष्ट शौचालय निर्माण	६९८३७३	
			१४	बलेडाँडा आमा समुह भवन निर्माण	१७८९५६	
			१५	नयाँगाउ आमा समुह भवन मर्मत	१९०९६३	
			१६	भुजेल समुह भवन मर्मत	१७११११५	
			१७	ठाकुर प्रतिष्ठान मर्मत सम्भार	३७५३५३	
			१८	सागर आमा समुह भवन मर्मत	२९३४१७	
			१९	कुमारी आमा समुह भान्छा घर निर्माण	१९१८७९	
			२०	गाउँवेशी महिला समुह भवन निर्माण	९४१७३	
			२१	डि गाउँ आमा समुह भान्छा घर निर्माण	२३४३१९	
			२२	फुलिङगिरी तामाङ र घले समुहको गुम्बा निर्माण	६९७४७८	
			२३	जलकौरी आमा समुह भवन किचन निर्माण	२८३४९९	
			२४	सयपत्री आमा समुह भवन मर्मत	२८११५९	
			२५	संयुक्त क्रिष्टियन भवन मर्मत	२८५८८७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
			२६	लालिगुरास आमा समुह भवन पर्खाल निर्माण	२६५२८५	
			२७	गाउँ बेशी आमा भवन निर्माण कुन्याले	२७९८७८	
			२८	जमुने अर्चले आमा समुह भवन निर्माण	४९०३३१	
			२९	जागृति आमा समुह भवन ग्याविन जाली	२८७०९८	
			३०	सामुदाय आमा समुह भवन पर्खाल निर्माण	२८२३५९	
			३१	साब्बा छियालिङ गुम्बा मर्मत	१८९७१६	
			३२	मुगे आमा समुह भवन पार्टेशन	१९२०००	
			३३	तस्यो आमा समूह फर्निचर खरिद	१९२०००	
			३४	माछापुछ्रे आमा समुह भवन मर्मत तथा थप तला निर्माण	१९२०००	
			३५	कोट आमा समुह भवन निर्माण	५७६०००	
			३६	बालकौरी समुह भवन ट्रस निर्माण	२८६४३६	
			३७	बालदेवी आमा समुह ट्रस निर्माण	४७८७३६	
			३८	सचेतना भवन मर्मत	९५४८४	
			३९	तस्यो चण्डियान मन्दिर निर्माण	४७७६३०	
			४०	इलमदेवी आमा समुह भवन निर्माण जोर्ने	३९४९९४	
			४१	दोभान आमा समूह भवन मर्मत	२०००००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

४२	टारी सामुदायिक भवन निर्माण	१९२०००
४३	कल्तुङ सामुदायिक भवन निर्माण	३८१९३२
४४	साल्मे सामुदायिक भवन निर्माण	१९०९८७
४५	प्युघर सामुदायिक भवन निर्माण	१४४०००
४६	घडेरी आमा समुह भवन मर्भत	९५४५६
४७	सितादेवी उलिभुमि आमा समुह भवन निर्माण	१४४०००
४८	तोरीबारी आमा समुह भवन निर्माण	३८३००१
४९	उली देवी सामुदायिक भवन घेराबार	२८८०००
५०	जलकन्या आमा समुह भवन शौचालय निर्माण	१४४०००
५१	अन्नपूर्ण आमा समुह भवन निर्माण	४०००००
५२	सिमलगाउँ आमा समुह भवन मर्मत	१९११३३
५३	लेउरानी आमा समुह भवन निर्माण	१९१४४५
जम्मा		१३५९३६८६

३१			**यातायात सुविधा** गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ४ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यको यातायात खर्च सम्बन्धी व्यवस्था गरिएको छ । पालिकामा २ वटा गाडी प्रयोगमा रहेको तर सो गाडी जिम्मेवार पदाधिकारी कसैले पनि नबुझेको पाईयो । पदाधिकारीले गाडी नबुझेको कारण मासिक यातायात	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सुविधा रु.१२००० का दरले कुल रु.१४४००० स्थानीय सरकारलाई व्ययभार परेको देखिन्छ । स्थानीय सरकारको व्ययभार कम गर्न उक्त गाडी यथाशिघ्र जिम्मेवार पदाधिकारीले बुझेको प्रमाण पेश गर्नुपर्दछ ।	
३२			**आय ठेक्का नलागेको** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा गिट्टी वालुवा विक्रि वापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुंगा, गिट्टी, वालुवा उत्खनन संकलन क्रसिङ र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानीय तहले दोस्रो पक्षसँग ढुंगा, गिट्टी, वालुवा उत्खनन ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाभित्र पर्ने देहाय बमोजिमको बगर वातावरणिय प्रभाव मूल्याङ्कनमा उत्खनन गर्न सकिने उल्लेख भए अनुसार आय ठेक्का नलागेका घाटहरुको कुल २३३३२।४२ घन फिटबाट मूल्य अभिवृद्धि कर र अग्रीम कर समेत रु.१ लाख ८७ हजार राजस्व संकलन गर्न सकिने देखिन्छ । अन्य क्षेत्रको घाटबाट पालिकाले ठेक्का आह्वान गर्ने र अमानतबाट राजस्व संकलन गर्ने कार्य गरेको देखिएन । यसरी पालिकालाई आफ्नो मातहतको क्षेत्रबाट क्षमता अनुसार संकलन गर्न सक्ने भन्दा रु.१ लाख ८७ हजार कम आम्दानी भएको देखिन्छ । पालिकाले आय ठेक्का नलागेको खण्डमा अमानतबाट समेत राजस्व संकलन गरी आन्तरिक आम्दानी बढाउनेतर्फ ध्यान दिनुपर्छ । क्र सं | स्थान | बार्षिक उत्खनन गर्न सकिने घन फिटमा | प्रति घन मिटर प्राप्त हुने दर | अनुमानित राजस्व रकम मु अ कर बाहेक १ | लागंदी बगर | १३३९७.५८ | ७ | ९३७८३ २ | धरलबेशी | ९९३४.८४ | ७ | ६९५४४ | जम्मा | | | १६३३२७	
३३			**बाँडफाट गर्न बाँकी राजस्व** नेपाल सरकारबाट जारी ढुंगा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यावस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १४ बमोजिम गाउँपालिका वा नगरपालिकाले यस मापदण्ड बमोजिम साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवं अनुमति वा नविकरण शुल्क वा कर बाट संकलित राजस्वमध्ये ६० प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको स्थानीय संचित कोषमा र ४० प्रतिशत रकम सम्बन्धित प्रदेश	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सरकारको प्रदेश संचित कोषमा जम्मा हुने गरी बाँडफाट गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको सुत्रको अनुसूची १४ अनुसार यस आर्थिक वर्षमा ढुंगा, गिट्टी बिक्री बापत संकलन रकम रु.५८३३८५ देखिएकोमा यसको ४० प्रतिशत रकम रु.२३३३५४ प्रदेश संचित कोषमा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु.	२३३,३५४
३४			**रकम असुली नगरेको** पालिकाले देहायबमोजिमको घाट र सडकको लागि ठेक्का लगाएकोमा लेखापरीक्षण अवधि (२०७९।७।३०) सम्म ठेकेदार तथा व्यक्तिले सम्झौता बमोजिमको रकम बुझाएको छैन। सम्झौतामा ढिला दाखिला गर्दा ब्याज लाग्ने।नलाग्ने उल्लेख गरेको देखिदैन । तसर्थ प्रचलित कानून बमोजिम उक्त व्यक्तीहरुबाट रकम बुझाउने अवधिसम्मको १० प्रतिशत ब्याज समेत थप गरी असुल गर्नुपर्ने रु	१४२,०६९

सि नं	व्यक्ति वा फर्मको नाम	घाट तथा सडकको नाम	कबोल अंक (मू अ कर बाहेक)	मू अ कर समेत बुझाउनुपर्ने रकम
१	ध्वज कुमार गुरुङ	चेपे नदी त्रिवेणी घाट	५३००० (कबोल अंकमा रु ९६२५ कम दाखिला गरेको)	१०८७६
२	निरज कुमार श्रेष्ठ	चेपे नदी कुयाले घाट	५५०००	६२१५०
३	प्रकाश गुरुङ	प्यारजुङ पात्ले सडक	४६०००	५१९८०
४	असोक गुरुङ	कुनाघाट विचौर सडक	१५१००	१७०६३
	जम्मा			१४२०६९

नोटः उल्लेखित व्यक्तिहरुले बुझाउनुपर्ने रकममा जहिले रकम बुझाउछ सो अवधिसम्मको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा भएको व्यवस्था बमोजिम वार्षिक १० प्रतिशत व्याज थप गरी असुल गर्नुपर्नेछ ।

३५			**समयमा राजस्व दाखिला नगरेको**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ बमोजिम प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । वडाबाट संकलित राजश्वको दाखिला तथा अन्य स्थिति निम्नानुसार छ ।
<table>
<tr><th>वडा नं</th><th>संकलित राजश्व</th><th>दाखिला भएको राजश्व</th><th>फरक</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>४०४१६१</td><td>४०४१६१</td><td>०</td><td>करिब ४ महिनाको अन्तरमा दाखिला भएको</td></tr>
<tr><td>२</td><td>३६४८५३</td><td>३६४८५३</td><td>०</td><td>करिब ४महिनाको अन्तरमा दाखिला भएको</td></tr>
<tr><td>३</td><td>३२८५४०</td><td>३२८५४०</td><td></td><td>मंसिर र असारमा मात्र दाखिला गरेको</td></tr>
<tr><td>४</td><td>२६०५४०</td><td>२६०५४०</td><td>०</td><td>पुष र साउनमा दाखिला गरेको</td></tr>
<tr><td>५</td><td>३९१९२२</td><td>३९१९२२</td><td>०</td><td>करिब २ महिनाको अन्तरमा दाखिला भएको</td></tr>
<tr><td>६</td><td>६६६८५०</td><td>६६६८५०</td><td>०</td><td>करिब ३ महिनाको अन्तरमा दाखिला भएको</td></tr>
</table>
उपरोक्त अनुसार २ देखि ४ महिनासम्म ढिला राजस्व दाखिला गरेकाले समयमै राजस्व दाखिला गरी गराई श्रेष्ता अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर असुली नगरेको
पालिकाले देहायको घाट तथा सडकको आय ठेक्का लगाएकोमा मू अ कर बाहेकको कबोल अंक मात्र असुली गरेको देखिएकाले मू अ कर रकम असुली गरी संबन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>सि नं</th><th>व्यक्ति वा फर्मको नाम</th><th>घाट तथा सडकको नाम</th><th>कबोल अंक (मू अ कर बाहेक)</th><th>मू अ कर रकम</th></tr>
<tr><td>१</td><td>प्रितम गुरुङ</td><td>चेपे नदी पोखराटार घाट</td><td>५१५५०</td><td>६७०२</td></tr>
<tr><td>२</td><td>देवराज गुरुङ</td><td>बोराङखोला विचौर सडक</td><td>२०१००</td><td>२६१३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>९३१५</td></tr>
</table></td><td>९,३१५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>बढी भुक्तानी भौचर नं ९।०७८।११।२६ बाट १ थान डेल ल्यापटपको मूल्य भ्याट बाहेक रु ६६३७२ को दर राखेकोमा १ थानको भ्याट समेत रु १५०००० राखि बिक्री गरी सोही अनुसार भुक्तानी भएको तथा दाखिला समेत १ थानको भएको देखिएकाले स्कील्स नेट प्रा लिबाट १ थाल ल्यापटपको रु ७५००० असुल गरी बैंक दाखिला गर्नुपर्ने देखिएको रु</td><td>७५,०००</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>कार्यलयमा हाजिर गरी दैनिक भ्रमण भत्ता लिएको
पालिकामा कार्यरत कर्मचारी खम्म बहादुर वोगटी देहायको मितिमा विभिन्न मितिमा भ्रमण गरेको भनि दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी दिएको देखिन्छ।सोही समयको बिचमा पालिकामा उपस्थिति भएको जनाइ हाजिरि रजिष्टरमा हाजिर गरेको देखिन्छ । रात विताउने गरी भ्रमणमा गएको सुविधा लिएको सदस्य उक्त समय उपस्थित भई हाजिर गर्ने अवश्था नहुने भएकोले पालिकामा हाजिर गरी दैनिक भ्रमण भत्ता लिएको रकम असुल गर्नुपर्ने रु.</td><td>२२,५००</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>प्रशासकीय भवन निर्माण कार्य
ठेक्का नं 076/77/DPRM/WORKS-01 पराजुली कन्सट्रक्शन प्रा लि सँग मिति २०७८ माघ १ मा सम्पन्न गर्नेगरी मिति २०७७ श्रावण १ गते रु. ३११३९०९७।४६ मा सम्झौता भएको देखिन्छ । जसको २०७९ मंसिर १० सम्म म्याद थप भएको छ । सातौ रनिङ विल भुक्तानी गर्दा देहायबमोजिम पि एस आइटमको विल पेश नभएकाले विल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><td>आइटमको नाम</td><td>भुक्तानी रकम</td><td>विल पेश भएको रकम</td><td>बाँकी रकम</td></tr>
<tr><td>इन्सुरेन्स</td><td>४२३३९९।०२</td><td>२८२३४३।८९</td><td>१४१०५५</td></tr>
<tr><td>ल्याब टेष्ट रिपोर्ट</td><td>१००००००</td><td>०</td><td>१००००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२४१०५५</td></tr>
</table></td><td>२४१,०५५</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>मूल्य समायोजन बढी भुक्तानी
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ वमोजिम सार्वजनिक निकायले मूल्य समायोजन गर्ने अवस्था, मूल्य समायोजन निर्धारण गर्ने सुत्रको आधारमा समायोजन गर्नुपर्दछ। सुत्र निर्धारण गर्दा सम्पन्न भएको काममा लागेको श्रम, सामाग्री र उपकरणहरुको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपर्दछ।प्रशासकीय भवन निर्माण कार्यको पराजुली कन्सट्रक्शन प्रा लि लाई छैटौं रनिङ विल सम्मको मूल्य समायोजन भुक्तानी गर्दा देहायबमोजिम इन्डेक्स फरक पारी भुक्तानी भएकाले बढी मूल्य समायोजन भएको रकम असुल गर्नुपर्ने रु</td><td>६९,६२८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>रनिङ विल</td><td>पेश्की र भ्याट बाहेकको मूल्य</td><td>इन्डेक्स प्रयोग गर्नुपर्ने मिति</td><td>प्रयोग हुनुपर्ने फ्यक्टर</td><td>प्रयोग भएको फ्याक्टर</td><td>बढी प्रयोग फ्यक्टर</td><td>बढी रकम</td></tr>
<tr><td>चौथो</td><td>६५९३३९.८०</td><td>14th Feb 2022</td><td>०.१५</td><td>०.१९</td><td>०.०४</td><td>२६३७४</td></tr>
<tr><td>पाँचौ</td><td>३५२४३७८.७२</td><td>1st mar 2022</td><td>०.१९</td><td>०.२०</td><td>०.०१</td><td>३५२४४</td></tr>
<tr><td colspan="6">जम्मा भ्याट बाहेक</td><td>६१६१८</td></tr>
<tr><td colspan="6">१३ प्रतिशत भ्याट समेत बढी मूल्य समायोजन</td><td>६९६२८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>विजक विना पि एस आईटमको भुक्तानी
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम विल भरपाईको आधारमा लेखा राख्नुपर्ने व्यवस्था छ । गो भौ नं३ मा जे।भि को विना विल PS item का लागि भुक्तानी गरेको देखियो । खर्चको बिल भरपाई बेगर भुक्तानी दिएको रकमको सम्बन्धमा आन्तरिक लेखापरीक्षणबाट समेत उल्लेख गरेकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म पनि विल भरपाई पेश नगरेकाले असुल गर्नुपर्ने रु</td><td>१६५६११३</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>ठूलो काभ्रे विचौर सडक निर्माण
यस सडक निर्माण कार्यका लागि पालिका र नारायण एण्ड सन्स कन्सट्रक्सन प्रा लि विच मिति २०७७ चैत्र १० मा कबोल अंक भ्याट समेत रु.४८७०८३४।३६ रकममा सम्झौता भएको रहेछ । निर्माण सेवाले मिति २०७८ असोज ३० सम्म कार्यसम्पन्न गर्नुपर्नेमा दोस्रो रनिङ विल भुक्तानी हुँदा सम्म रु २८४२२४१।०५ को कार्यसम्पन्न भएको छ भने रु ९९७५२५।२६ को काम गर्न बाँकी देखिन्छ । थप कार्य गर्न स्थानीयले अवरोध गरेको र निर्माण सेवाले २०७८ असोज यता म्याद थप समेत नगरेकाले पालिकाले स्थानिय अवरोधलाई हटाइ निर्माण सेवाको सेवाको म्याद थप गराई कार्यसम्पन्न गर्नुपर्ने अन्यथा निर्माण नाममा रहेको कार्यसम्पन्न जमानत रकम जफत गरी ठेक्का रद्द गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>प्यारजुङ पात्ले सडक स्तरोन्नती कार्य
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एजबिल्ट नक्सा) पेश गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी कार्यालय र निर्माण व्यवसायि बीच भएको</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सम्झौताको सम्झौताको GCC 71.2 मा उल्लेख भए अनुसार कार्यसम्पन्न हुँदा As build drawing पेश गर्नुपर्ने र पेश नगरेमा रु.५०००० रकम रोक्का राख्ने व्यवस्था भएको छ । प्रदेश समपुरक अनुदान रकमबाट मिति २०७८।११।२० मा पि एल कन्सट्रक्सन पोखरासँग सम्झौता भई मिति २०७९।२।१० मा रु.४३०२२०० को कार्य सम्पन्न र भुक्तानी भएको देखिन्छ । तर निर्माण सेवाले सडक क्रस कटिङ गरेको तथा चेनेज खुलेको ड्रइङ पेश नगरेकाले सम्झौता बमोजिमको ड्रइङ पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु	५०,०००
४४			**लामागाउँ जोर्ने सामघडेरी सडक स्तरोन्नती** संघीय विशेष अनुदान कार्यक्रम अन्तर्गत लामागाउँ जोर्ने सामघडेरी सडक स्तरोन्नतीका लागि ठेक्का नं 077-78/DPRM/WORKS-01 कर्ण विल्डर्स प्रा.लि सँग २०७९।३।१५ कार्य सम्पन्न गर्नेगरी रु.४५३२६८१५।०२ मा मिति २०७७।१२।१८ मा सम्झौता भएको रहेछ । जसको लागि निर्माण सेवाले २ किस्ता गरी रु.७७५४००० मोविलाइजेशन पेश्की लगेको देखिन्छ । निज निर्माण सेवाले २०७९ असार १५ गते सम्म कार्य सम्पन्न गर्नुपर्नेमा चैत्र सम्म प्रथम रनिङ विलबाट सम्झौता बमोजिम रु.७०७६०५६।७६ को (१५.६१ प्रतिशत) कार्य सम्पन्न गरी मूल्य समायोजन समेत गरी रु.७७२५९१६ भुक्तानी भएको छ । निर्माण सेवाले २०७९ पौष मसान्त सम्म म्याद थप गरेको भएतापनि कार्यलायबाट काम गराउनका लागि विभिन्न पटक पत्राचार गर्दा समेत थप कार्य गरेको देखिएन । जसले गर्दा हाल सम्म पेश्की फछ्र्यौट समेत नभएकाले पेश्की रकम समेत जोखिममा परेको देखिन्छ । कार्यालयले थप पहल गरी निर्माण सेवालाई कार्य गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । साथै प्रथम रनिङ विल भुक्तानी गर्दा पि.एस आइटममा राखेको ल्याब टेष्टबापतको रकम रु.१०८५० भुक्तानी भएकोमा विल पेश नएकाले ल्याब टेष्टको विल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.	१०,८५०
४५			**लागत अनुमान तयार नगरेको** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सामघरेडी ताजी पोखराटार रोड कार्यको डि पि आर तयार गर्ने कार्यको लागि पालिकाले लागत अनुमान तयार नगरी कोटेशनको आधारमा रोयल एक्सिस इन्जिनियरिश्र सर्भिस प्रा.लीसँग सम्झौता गरी प्रतिवेदन प्राप्त गरी रु.४८६४६५ भुक्तानी गरेको देखिन्छ । यसरी लागत अनुमान तयार नगरी खर्च गरेको रकम नियम सम्मत नदेखिएको रु	४८६,४६५
४६			**नापी किताबमा भन्दा बढी परिमाणमा कार्यसम्पन्न गरी भुक्तानी** भौचर नं ३७।०७८।९।२७ बाट अमलजुङ खेलमैदान स्तरोन्नती उपभोक्ता समिति वडा नं ६ को काममा रु ४२६३७०.३५ लागत अनुमान तयार गरी रु. ३८४००० को बजेट विनियोजन गरी मिति २०७८।९।७ मा सम्झौता गरी रु ३७५८११ भुक्तानी भएकोमा देहायबमोजिम	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नापि किताबमा उल्लेख भएको परिमाण भन्दा बढी परिमाण उल्लेख गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी भएको देखिएकाले उपभोक्ता समितिको अंश कट्टी गरी असुल गर्नुपर्ने रु
<table>
<tr><th>कार्य विवरण</th><th>नापि किताबमा उल्लेख भएको परिमाण</th><th>कार्यसम्पन्नमा उल्लेख भएको परिमाण</th><th>बढी परिमाण</th><th>दर</th><th>बढी भएको रकम</th></tr>
<tr><td>Soft Soil</td><td>४६१.२० घ मि</td><td>११५३ घ मि</td><td>६९१.८ घ मि</td><td>६३</td><td>४३५८३</td></tr>
<tr><td>Soft Rock</td><td>२३०.६० घ मि</td><td>४६१.२० घ मि</td><td>२३०.६० घ मि</td><td>२२५</td><td>५१८८५</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>९५४६८</td></tr>
<tr><td colspan="5">उपभोक्ता समितिको १० प्रतिशत अंश</td><td>९५४७</td></tr>
<tr><td colspan="5">उपभोक्ताको अंश कट्टी पछि कुल बढी भुक्तानी</td><td>८५९२१</td></tr>
</table></td><td>८५,९२१</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>रित पूर्वकको विजक नभएको
मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसंग तोकिएको ढाँचाको कर बिजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ ।तर कार्यालयको देहायबमोजिम उपभोक्ता समितिको कामको नमूना परीक्षणको आधारमा श्रेष्ठता परीक्षण गर्दा फोटोकपी विल पेश गरेको तथा मूअकर विजक हातले लेखेको देखिएकाले सम्बन्धित सप्लायर्सलाई जिम्मेवार बनाई मू अ कर समायोजन पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौचर नं</th><th>कार्य विवरण</th><th>सप्लायर्सको नाम</th><th>सप्लायर्सको विल</th><th>भ्याट रकम</th><th>कैफियत</th></tr>
<tr><td>८५।०७८।११।२</td><td>खेलकुद सामाग्री खरिद</td><td>सिटी स्पोटर्स एण्ड स्टेशनरी सप्लायर्स (६०३८३६७३८)</td><td>१९८९९३</td><td>२२८९३</td><td>विजक नं २०७ हातले लेखेको</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२२८९३</td><td></td></tr>
</table></td><td>२२,८९३</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>मू अ कर बढी भुक्तानी
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले गरेको खर्चको स्रेस्ता, विल भर्पाइ कार्यालयले जाँच गरी प्रतिवेदन लिने व्यवस्था छ । कार्यलयले यो बर्ष उपभोक्ता समितिले गरेको निर्माण कार्यको सामाग्री खरिदमा मूल्य अभिवृद्धि कर समेत समावेश भएको</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			विल मूल्यांकन गरी भुक्तानी दिएको फाँटवारी परीक्षण गर्दा तपसिलका केहि निर्माण कार्यको विलमा समावेश भएको भन्दा बढी मूल्य अभिबृद्धि कर भुक्तानी भएको पाइयो । अतः निर्माण सामाग्री खरिद गर्दा उपभोक्ताले तिरेको मू.अ.कर भन्दा बढी भुक्तानी भएको मू.अ.कर रकम सम्वन्धित उपभोक्ता समितिवाट असूल हुनुपर्ने रु	१०,४४४

गो.भौ./मिति	उपभोक्ता समितिको नाम	मू.अ.कर भुक्तानी रकम (इट्टामा)	विलमा समावेश भएको मू.अ.कर रकम (सिमेन्टमा)	घटी मू.अ.कर रकम	कार्यालय अंश प्रतिशत	उपभोक्तालाई बढी मु अ कर भुक्तानी रकम
१३८।०७८।१२।२४	श्री हिमालय आधारभूत विद्यालय शौचालय निर्माण उ स वडा नं २	८७२५	१६५६	७०६९	१०	६३६२
१८८।०७९।२।२६	डिगाउँ समूह भान्छा घर निर्माण उ स वडा नं ३	१०२५५	५७२०	४५३५	१०	४०८२
जम्मा						१०४४४

४९			**सिमेन्टको मूल्य बढी राखि मूल्याङ्कन** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । लमजुङ जिल्ला दर रेट अनुसार ओ पि सी सिमेन्टको मूल्य भ्याट बाहेक रु.८३० रहेकोमा पालिकाले देहायबमोजिम योजनाहरुमा ८५० राखी मूल्याङ्कन गरी भुक्तानी दिएको देखिएकाले प्रति व्याग रु २० का दरले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु	८,३७३

भौचर नं	उपभोक्ता समितिको नाम	कार्य विवरण	कार्य परिमाण	प्रति घ मि प्रयोग व्याग	सिमेन्टको बढी दर	बढी मूल्य भ्याट समेत
९८।०७८।१२।०२	भुम्लिचोक सडक खण्ड ढलान उ स वडा नं २	**Pcc 1:2:4 for Rcc**	४०.९६ घ मि	६.४ बोरा	२०	५९२४
१८१।०७९।२।२५	कोटदेवी आमा समूह भवन निर्माण उ स ५	**Pcc 1:2:4 for Rcc**	१६.९२ घ मि	६.४ बोरा	२०	२४४९
	जम्मा					८३७३

५०			**परामर्श सेवा खरिद**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र परामर्श सेवा खरिद गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । तर पालिकाले लेखापरीक्षण अवधि (२०७९।७।३०) सम्म कार्यान्वयन गर्न सकेको छैन । खरिद गरिएको परामर्श सेवाको कार्यान्यवन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ	

क्रस	कार्यविवरण	परामर्शदाता	बजेट विनियोजन	खर्चरकम
१	राजस्व सूचना प्रणाली निर्माण तथा जडान	सफ्टवयेर हव नेपाल प्रा लि	५०००००	४९५०००
२	वडा नं २,५ र ६ मा डिजिटल नागरिक वडापत्र जडान (वडा नं ६ को वडापत्र अनुगमन गर्दा चलेको देखिएन)	फोर जि इन्जिनियरिङ सोलुसन प्रा लि	१५०००००	१४९७२५०
३	देउराली पार्क प्रोजेक्टको डि पि आर निर्माण	युज्मी इन्जिनियरिङ सोलुसन प्रा लि	५०००००	४४९७४०
४	लोभार चो भ्यु टावर निर्माणको डि पि आर	इन्फ्रा डेभलप कन्सल्ट प्रा लि	५०००००	४४९१७५
५	आवधिक योजना निर्माण	आर आई डी इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि	५०००००	४४७४८०
जम्मा			३५०००००	३३३८६४५

पालिकाले परामर्श सेवाको लागत अनुमान तयार गर्दा एकै प्रकारका कार्यहरुको एउटै प्याकेज बनाई प्रतिस्प्रधाको माध्यमबाट सेवा प्राप्त गर्नुपर्नेमा लागत अनुमान तयार नगरी टुक्रा टुक्रामा खरिद गरेको छ । साथै यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई तथा पालिका प्राविधिकबाट उक्त कार्य हुन सक्ने वा नसक्ने यकिन नगरि स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । तसर्थ डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

५१			**सोझै खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाखदेखि २०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ३१(१) मा रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । बर्ष भरी आवश्यक पर्ने यस्ता सामानको खरिद प्याकेज बनाई आवश्यक परेको बखत आपूर्ती गर्नेगरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्नेमा सोझै खरिद गर्नु नियमसम्मत नदेखिएको रु	१५६७८२७

भौ.नं	खरिद विवरण	भुक्तानी पाउने	खरिद रकम
३१।०७८।९।२३	फर्निचर खरिद	पवित्र फर्निचर सप्लायर्स	४९८३३०
३३।०७८।९।२३	फर्निचर खरिद	कुसुम गिफ्ट हाउस एण्ड फर्निचर सोरुम	४८५८४५
३४।०७८।९।२३	फर्निचर खरिद	कुसुम गिफ्ट हाउस एण्ड फर्निचर सोरुम	१८८४५०
३४।०७८।९।२३	फर्निचर खरिद	पवित्र फर्निचर सप्लायर्स	१९५२०७
२४१।०७९।३।१६	फर्निचर खरिद	पवित्र फर्निचर सप्लायर्स	१९९९९५
जम्मा			१५६७८२७

५२			**ढुङगाको पुनःप्रयोग** सडक संरचना निर्माणका लागि नेपाल सरकार मन्त्रीपरिषदबाट २०७५।०४।२५ मा स्वीकृत नर्म्स २०७५ अनुसार सडक निर्माण गर्ने क्रममा एक्साभेटरको प्रयोग गरी हार्ड रक खन्ने कार्य भएको अवस्थामा निस्कने ढुंगाहरुमध्ये कम्तीमा ५० प्रतिशत ढुंगा प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले सडक खन्ने र सोही सडकमा ढुङगाको गारो लगाउने ,जाली भर्ने जस्ता कार्य गरेतापनि उक्त कडा चट्टानको प्रयोग गर्ने गरी लागत अनुमान बनाई सोहीअनुसार भुक्तानी दिनुपर्नेमा कडा चट्टानको प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको छैन । विभिन्न चेनेजमा फुटाइएका ढुङगाको संरचना बनाउने स्थानसम्मको ढुवानी समेत घटाउदाँ देहायका उपभोक्ता समितिलाई खनिएका कडा चट्टानको प्रयोग नगर्नाले बढि भुक्तानि दिएको रकम असुल हुनुपर्ने रु	३१५,०८०

भौचर नं	उपभोक्ता समिति	फुटाइएको कडा चट्टान (घ.मि)	प्रयोग गर्न मिल्ने परिमाण (घ.मि)	उपभोक्ता समितिले उक्त सडकमा वनाएको संरचना	परिमाण	ढुङगाको भुक्तानी दर	बढि भुक्तानी
२३७	लाङ्दी खोला ठाँटी मोटरबाटो स्तरोन्नती उपभोक्ता समिति	३३२.१०	१६६.०५	**Dry Stone soiling work 190.08 cum**	१६६.०५	१८९७.५०	३१५०८०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नोटः ढुवानी लोड अनलोड लगायतको प्रति घमि रु ५४४ को दरले रु ९०३३१ रकम घटाइएको छ ।	
५३			**पालिकाको स्वामित्वमा रहने संरचना उपभोक्ता समिति मार्फत गराएको** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम निर्माण पश्चातको स्वामित्व ग्रहण हुने मर्मत सम्भारको जिम्मा लाभग्राही समुदायले लिने कार्यमा उपभोक्ता समिति मार्फत कार्य गराउन सकीनेमा स्वामित्व हस्तान्तरण उपमोक्ता समितिलाइ नहुने एवं गर्न नसकिने निर्माण कार्य सम्पन्न भएपछी आवधिक रुपमा गरिने मर्मत सम्भारको काम उपभोक्ता समितिले नगर्ने वा गर्नुपरेमा थप खर्च पालिकाले व्यहोर्नु पर्ने अबस्थामा देहाय बमोजिम मर्मतका कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएकोले खर्च नियमित नदेखिएको रु	४९२०१२४

सि.न	भौ.नं । मिति	कामको विवरण	लागत अनुमान	कार्यसम्पन्न	खर्चमा न.पा. को योगदान
१	२६।०७८।९।२०	गाउँपालिका प्रशासनिक भवन वाल निर्माण	१४१९३८३.०१	१४१०९०८.६४	१२६९८१७
२	६०।०७८।१०।२६	वडा कार्यालय भवन निर्माण वडा नं ३	२६७२८१.३७	२६७२८१	२४००००
३	९५।०७८।१२।०२	वडा नं १ को वडा कार्यलय भवन घेराबार	६४१४३५	६३५२९४	५७१७६४
४	११२।०७८।१२।१०	वडा कार्यालय र स्वास्थ्य चौकी भवन तारबार कार्य	६४१४३५.८१	६३५२९४.२८	५७१३५७
५	२२३।०७९।३।२४	गाउँपालिका प्रशासनिक भवन पर्खाल निर्माण वडा नं ५	२३९३७६२.५०	२३०५७६२.५०	२०७५१८६
६	२२८।०७९।३।१५	वडा कार्यालय भवन थप संरचना निर्माण तथा रंगरोगन	२२९१००	२३२८५४	१९२०००
		जम्मा			४९२०१२४

५४			**लागत अनुमान टुक्रा पारी कार्य गराएको** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ३१(१) मा रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले देहायबमोजिम वाटो सरसफाइ तथा मर्मतको कार्य एकमुष्ट लागत अनुमान	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तयार गरी प्रतिस्पर्धाबाट कार्य गराउनुपर्नेमा टुक्रा पारी उपभोक्तालाई दिएकोमा उपभोक्ताले विभिन्न निर्माण सेवालाई प्रयोग गरी कार्य गरेको देखिएकाले नियम सम्मत नदेखिएको रु	२९१३३३१

सि नं	भौचर नं/मिति	कामको विवरण	निर्माण सेवा	लागत अनुमान	कार्यसम्पन्न रकम	खर्चमा पालिकाको योगदान
१	१२।०७८।८।२२	वडा नं ६ भित्रका मोटरबाटो सरसफाई उ.स	न्यू उली निर्माण सेवा	७९६४८२.१८	७८३७१९.८२	७०५३४७
२	१३।०७८।८।२२	साउने पानी सानो काभ्रे लाइ्दी खोला मोटरबाटो सरसफाई उ.स	न्यू बुद्ध विल्डर्स	३१८६६७.५०	२९५५१५	२६५९६२
३	१५।०७८।८।२२	भुम्लिचोक बलेडाँडा मोटरबाटो सफाई उ.स	बस्नेत निर्माण सेवा	२१२२४७	२०८४६७	१९२०००
४	२०।०७८।९।७	ठूलो काभ्रे सानो काभ्रे कालिखोला मोटरबाटो सरसफाई उ स वडा नं ३	न्यू बुद्ध विल्डर्स	२१४२५८.५८	२०००५५.६७	१७९२१७
५	७१।०७८।११।३	वडा भित्रको मोटरबाटो सरसफाई वडा नं ४ उ स	गोरखा लमजुङ निर्माण सेवा	१३८०२६०	१३३०२२९	११९७२०६
६	७२।०७८।११।३	नयाँगाउँ देउराली बाटो सफाई उ स वडा नं २	बस्नेत निर्माण सेवा	२१२१३३	२०३९९८	१८३४२४
७	८७।०७८।११।२६	वडा स्तरिय मोटरबाटो सरसफाई उ स वडा नं ६	चम्पावती निर्माण सेवा	२१३२४५	२११३०६	१९०१७५
जम्मा						२९१३३३१

५५			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सिढि निर्माण तथा वाटो सोलिङ सिञ्चाई कुलो निर्माण लगायतका निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष १०२ जनालाई रोजगारी उपलव्ध गराई अधिकतम ८३ दिनको श्रमिकको पारिश्रमिकमा रु. ३५ लाख ८९ हजार खर्च गरेको छ । पारिश्रमिक बाहेक अन्य व्यवस्थापनमा रु.१२ लाख २३ हजार खर्च गरेको छ । लक्षित वर्गलाई न्युनतम ४ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>कृषि तथा पशुमा अनुदान
सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास मार्फत उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस संवन्धमा देखिएका केही व्यहोरा देहायअनुसार छन्।
•विभिन्न कार्यविधिहरुले जग्गाको स्वामित्व निश्चित अवधिसम्मको हुनुपर्ने उल्लेख गरेकोमा श्रेष्तामा जग्गाको स्वामित्वको प्रमाण खुल्दैन ।
•अनुदान दिएका कृषकको अनुगमन गरी उत्पादन र उत्पादकत्व सम्वन्धमा लिखित प्रतिवेदन तयार गरेको छैन ।
•अनुदानग्राहीले ३ वटै सरकारवाट अनुदान लिए नलिएको सुनिश्चित गरेको छैन ।
•वडाले कृषि तथा पशुका लागि छुट्टै अनुदान दिने गरेकोमा सो सम्बन्धी कृषि शाखामा जानकारी समेत नभएको साथै पालिकाले दिने अनुदान र वडाबाट दिने अनुदान समेत दोहरोरिन सक्ने सम्भावना देखिएको ।
कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>बाख्रा र बोका खरिद गरि वितरण
यस वर्ष पालिकाले देहायबमोजिम बाख्रा तथा बोका खरिद गरी वितरण गरेको छ । उक्त खरिद गरिएका पशुधनको विमा गरेको, स्वास्थ्य रहेको तथा उन्नत जातको जस्तैः बोका कति प्रतिशत वोयर भएको देखिने विल वा जन्मको विवरण वा वोयर कति प्रतिशत रहेको खुल्ने कागजात लेखापरीक्षणको क्रममा पेश भएन् । त्यसैंगरी पालिकाबाट अनुगमन समेत गरेको नदेखिएकोले वितरण गरीएको पशुधनको अवस्थाबारे जानकारी प्राप्त गर्न सकिएन् । यस सम्बन्धमा देहायबमोजिम प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><td>भौच नं</td><td>खरिद विवरण</td><td>खरिद गरिएको फर्म</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr>
<tr><td>१०१</td><td>गाउँ पालिकाको तर्फबाट ८ वटा र मेड नेपालको तर्फबाट ६ वटा वोयर बोका खरिद</td><td>वन्जरा बाख्रा फर्म</td><td>३९९०००</td><td></td></tr>
</table></td><td>७१६,८९५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०९</td><td>२ वटा वोयर बोका र १ खरि बाखा खरिद</td><td>राइनास उन्नत बाखा फार्म</td><td>१६५२९५</td><td>कति प्रतिशत बोयर खरिद गरिएको हो सोको प्रमाण पत्र, कृषक समूह गठन भएको, कुन समूहलाई वितरण भएको हो सोको एकिन हुने प्रमाण पेश नभएकाले प्रमाण पेश गर्ने</td></tr>
<tr><td>१६१</td><td>६ वटा वोयर पाठी खरिद</td><td>साइला दाईको बाखा फार्म</td><td>१५२६००</td><td>कति प्रतिशत बोयर खरिद गरिएको हो सोको प्रमाण पत्र, कृषक समूह गठन भएको प्रमाण पेश नभएको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>७१६८९५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>
तालिममा प्रशिक्षकलाई बढी भत्ता भुक्तानी
दुधपोखरी गाउँपालिकाको देहायबमोजिम तालिममा पालिकाले मासिक खरिदार तलब स्केलको दरले रकम दिनेगरी प्रशिक्षक नियुक्त गरी भत्ता दिने गरेकोमा १५ दिनको तालिममा तलब स्केलको आधा प्रशिक्षक भत्ता दिनुपर्नेमा पुरै तलब भुक्तानी गरेकोले बढी भएको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><td>भौचर नं</td><td>तालिमको नाम</td><td>तालिम संचालन मिति</td><td>प्रशिक्षक</td><td>१५ दिनको हुनुपर्ने भुक्तानी</td><td>भएको भुक्तानी</td><td>बढी भुक्तानी कर बाहेक</td></tr>
<tr><td>१६०</td><td>१५ दिने मुडा बनाउने तालिम</td><td>०७९।२।२४ देखि ३।७ सम्म</td><td>रुप बहादुर विक</td><td>१४३०५</td><td>२८६१०</td><td>१४१६२</td></tr>
<tr><td>८८</td><td>१५ दिने गुडिया बनाउने तालिम</td><td>०७८।१०।३ देखि १७ सम्म</td><td>पुजा गुरुङ</td><td>१४३०५</td><td>२८६१०</td><td>१४१६२</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>२८३२४</td></tr>
</table>
</td><td>२८,३२४</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>
पेश्की बाँकी
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई वेरुजू नमानिने व्यवस्था गरेको छ। पालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसारका निर्माण व्यवसायीको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

गो भौ न	पेश्की लिने व्यक्ति/फर्म/कम्पनी	वापत	आव २०७७।७८ को पेश्की बाँकी	
			म्याद ननाघेको	म्याद नाघेको
१।०७८।८।६	कर्ण विल्डर्स प्रा लि	लामागाउ जोर्ने सामघडेरी सडक स्तरोन्नती	७७५४०००	
१।०७८।८।६	पराजुली कन्सट्रक्शन प्रा लि	दुधपोखरी गाउपालिका बृहत खानेपानी आयोजना	१५०००००	

६०

शिक्षक दरबन्दी तथा पदपुर्ती

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

विद्यालय	शिक्षक दरवन्दी	स्थायी पदपुर्ती	पदपुर्ती मध्ये करार	विद्यार्थी संख्या
३०	१४७	५६	९१	१५९३

यस सम्बन्धमा निम्नानुसार देखिएको छ । •३० विद्यालयमा १४७ शिक्षक दरबन्दी रहेकोमा ५६ पदमा स्थायी पदपुर्ती भएको, ९१ जना करारमा शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।

६१

सिकाइ उपलब्धी प्रोत्साहन

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ बमोजिम शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहनको लागी उल्लेखित शर्तहरुको आधारमा छनोट भएका विधालयहरुलाइ स्वीकृत बजेटको परिधिभित्र रही निर्धारित दररेट अनुसार अनुदान दिने तथा अनुदान प्राप्त विधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यान्वयन गरे नगरेको पालिकाले नियमित रुपमा अनुगमन गरी सो को प्रतिबेदन जारी गर्नुपर्ने व्यवस्था छ । वागिश्वरी मा.वी. दुधपोखरी २ बीचौरालाइ सिकाइ उपलब्धी प्रोत्सानको लागि रु. २००००० निकासा भएकोमा लेखापरीक्षणको क्रममा प्रतिबेदन पेश नभएकोले प्रतिबेदन पेश गर्नुपर्ने रु. — २००,०००

६२

विद्यालय सुधार योजना र सामाजिक लेखापरीक्षण

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यक्रम कार्यान्वयन पुस्तिका क्रियाकलाप नं २.7.११.१० मा विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण गर्नका लागि आधारभूत विद्यालयलाई प्रतिविद्यालय रु.१००००० र माध्यमिक विद्यालयकालई प्रति विद्यालय रु.१५000 का दरले र विद्यालयहरुलाई विद्यालय सुधार योजनाका लागि माध्यामिक तहलाई रु.२००००० र आधारभूत तहलाई रु.१५००० का दरले अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । ३० वटा विद्यालयहरुलाई विद्यालय सुधार योजना निर्माणको लागि रु ८२५००० र ३० वटा विद्यालयलाई सामाजिक लेखापरीक्षणको लागि रु.८००००० निकासा भएकोमा लेखापरीक्षणको क्रममा विद्यालय सुधार योजना र सामाजिक लेखापरीक्षणको प्रतिवेदन पेश नभएकाले प्रतिवेदन पेश गर्नुपर्ने रु.	८००,०००
६३			**निशुल्क स्यानिटरी प्याड वितरण** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.३ बमोजिम कक्षा ६ देखि १२ सम्मका सबै छात्राहरुलाई निशुल्क वार्षिक १० महिनाको लागि सेनेटरी प्याड वितरण गर्ने व्यवस्था गरेको छ । सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले कोटेशनबाट सेनिटरीप्याड खरिद गरी गो.भौ.नं.७६।०७९।३।८ बाट रु.४५४१९२।२२ भुक्तानी गरेको छ ।खरिद कार्यका लागी कोटेशन माग गर्दा स्पेशिफिकेसन नखुलाइ माग गरेको तथा छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग जोडिएको यस्तो खरिद कार्य आर्थिक वर्षको सुरुमा गरी समयमै वितरणको व्यवस्था मिलाउनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद गरेको देखिन्छ । कक्षा ६ देखि १२ सम्मका छात्रा र ६ कक्षा भन्दा तल्लो कक्षामा माग भए बमोजिम विद्यार्थी संख्या विद्यालयसंग माग गरी सोही संख्याको आधारमा खरिद गर्नुपर्नेमा सो गरेको पाइएन । पालिकाले सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने, तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखे नराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ। सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधी २०७६ को दफा ३१ अनुसार विद्यालयले चौमासिक रुपमा कार्यक्रम कार्यान्वयनको चौमासिक विवरण स्थानीय तह र समाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेमा पठाएको देखिएन । यसतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।	
६४			**स्वास्थ कर्मचारिको फिल्ड भत्ता** दुधपोखरी गाउँपालिका स्वास्थ शाखाका निम्न कर्मचारीहरुलाइ मासिक रुपमा रु २२५० को दरले बार्षिक रु ८१००० फिल्ड भुक्तानी गरेको पाइयो । कुनै समय ग्रामिण स्वास्थ कार्यकर्ताको रुपमा फिल्डमा कार्य गर्दा सो रकम उपलब्ध गराइए पनि सो पदबाट बढुवा भइसकेपछी उक्त कर्मचारीलाइ फिल्ड भत्ता उपलब्ध गराउने सम्बन्धमा कहि कतै व्यवस्था नभएकोले नियम र मापदण्ड विपरित भुक्तानी भएको रकम सम्बन्धित कर्मचारिबाट असूल गर्नुपर्ने रु	८१,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं</td><td>कर्मचारीको नाम</td><td>पद</td><td>मासिक फिल्ड भत्ता</td><td>बार्षिक फिल्ड भत्ता</td></tr>
<tr><td>१</td><td>सानु कुमारी गुरुङ</td><td>अ.न.मी. ५</td><td>२२५०</td><td>२७०००</td></tr>
<tr><td>२</td><td>बागमती गुरुङ</td><td>अ.न.मी. ५</td><td>२२५०</td><td>२७०००</td></tr>
<tr><td>३</td><td>धन कमारी गुरुङ</td><td>अ.न.मी. ५</td><td>२२५०</td><td>२७०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>८१०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>एम आइ एस मा प्रविष्टि नगरी भत्ता वितरण गरेको
सामाजिक सुरक्षा संचालन कार्यविधि, २०७५ को दफा १०९(१) मा स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको अनुसूची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने साथै लाभग्राहीको तोकिए वमोजिमको विवरण निर्दिष्ट समयभित्र एम आइ एसमा प्रविष्टि गर्नुपर्ने उल्लेख गरेको छ। तर यस गाँउपालिकाले Forward Feed को माध्यमबाट नभइ Excel मा Manually नै प्रविष्टि गरेर बैंकलाई निकासाको आदेश दिने गरेको पाईयो। कुनै पनि लाभग्राहीको नाम एम आइ एसमा प्रविष्टि नै नगर्दा सामाजिक सुरक्षा संचालन कार्यविधि, २०७५ बमोजिम भत्ता वितरण नभएको साथै बास्तविक लाभग्राहीले सामाजिक सुरक्षा भत्ता पाए नपाएको यकिन हुन सकिएन। सामाजिक सुरक्षा शाखामा पर्याप्त जनशक्ति हुँदा हुदै पनि काम प्रभाबकारी रुपले भएको नपाईएको अवस्थामा पालिकाले लाभग्राहीको विस्तृत विवरण यथासिघ्र छिटो एम आई एसमा ईन्ट्री गरेर मात्रै भत्ता वितरण गर्ने कार्य गर्नुपर्नेमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>लगत कट्टा गरेको मूल अभिलेख व्यवस्थित नगरेको
सामाजिक सुरक्षा संचालन कार्यविधि, २०७५ को परिच्छेद ३ दफा १२ मा लाभग्राहीको मृत्यु भएमा, नविकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक बर्षसम्म खाता निष्कृय भएमा लगायतका कारण भएमा लाभग्राहीको नाम सम्वन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने उल्लेख गरिएकोमा यस पालिकाले लगत कट्टाको मूल अभिलेख नै व्यवस्थित नगरेको पाइयो जसले गर्दा लगत कट्टा मृत्यु भएको दिनदैखि नै भएको हो/ होईन यकिन हुन सकिएन। यसलाई व्यवस्थित वनाउन पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>बैंकबाट फिर्ता हुन बाँकी रकम</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सिभिल बैंकले च नं Cibl/GUD/LT/012/2079/80 मिति २०७९/०७/१६ को पत्रानुसार यस दूधपोखरी गाँउपालिकालाई उपलब्ध गराएको जानकारी बमोजिम हालका मिति सम्म कुनै पनि निष्कृय खाता नरहेको साथै थप विवरण देहाएको देख्न सकिन्छः	

सि नं	त्रैमासिक	जम्मा हुन आएको रकम	लाभग्राहीको खातामा जम्मा भएको रकम	कैफियत
१	प्रथम त्रैमासिक	१८२७२८३०	१८०७७७७८	१९५०५२ फिर्ता भएको
२	दोश्रो त्रैमासिक	१८३९४००४	१८३६२९१२	३१०९२ फिर्ता भएको
३	तेश्रो त्रैमासिक	१९६८४४८०	१८४७०६६८	२१३८१२ फिर्ता भएको
४	चौथो त्रैमासिक	१८६७७८७६	१८६४७४९२	३०३८४ फिर्ता भएको

बैंकले वडा नं ३ मा अघिल्लो बर्षको बाँकी रु ३००० र वडा नं ४ मा रु २४००० मृत्यु भईसकेको व्यक्तिले नपाउने रकम फिर्ता आएर Payable मा बसेको जानकारी समेत पत्रमार्फत उल्लेख गरेकोले उक्त रकम बैंकबाट यथासिघ्र फिर्ता गर्नुपर्ने रु — २७,०००